# भीमेश्वर नगरपालिका

चरिकोट, दोलखा
बागमती, प्रदेश, नेपाल ।

## आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्य

**सभाध्यक्ष महोदय,**

**जिल्ला समन्वय प्रमुखज्यू,**

**प्रमुख जिल्ला अधिकारीज्यू लगायत कार्यालय प्रमुखज्यूहरु,**

**नगरसभा सदस्यज्यूहरू,**

**सल्लाहकारज्यूहरु,**

**दोलखा जिल्ला उद्योग वाणिज्य सङ्घ, जिल्ला सहकारी सङ्घका प्रमुख वा प्रतिनिधिज्यू,**

**पत्रकार महासङ्घका प्रमुख एवम् सम्पूर्ण पत्रकारज्यूहरु,**

**नगर कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु तथा उपस्थित सज्जनवृन्द ।**

१. स्थानीय तहको निर्वाचन पश्चात उपप्रमुखको भूमिकाबाट यस गरिमामय सभामा नगरपालिकाको चौथो बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु। यो गौरवपूर्ण अवसर प्रदान गर्नु भएकोमा सम्पूर्ण नगरवासी महानुभावहरू प्रति हार्दिक आभार प्रकट गर्दछु । देशलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रको युगसम्म ल्याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात तथा अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

२. नेपाल सरकारको **'समृद्ध नेपाल; सुखी नेपाली'** को दीर्घकालीन सोच हासिल गर्नका लागि आर्थिक वर्ष २०७७/७८ को बजेट परिलक्षित गरिएको छ । बजेट तर्जुमा गर्दा नेपालको संविधानमा निर्दिष्ट राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, दिगो विकास लक्ष्य, नेपाल सरकारको पन्ध्रौं आवधिक योजना, बागमती प्रदेशको पहिलो आवधिक योजना, नेपाल सरकार र बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति, कार्यक्रम तथा

बजेट, भीमेश्वर नगरपालिकाको बृहत् आवधिक योजना र भीमेश्वर नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ का लागि स्वीकृत नीति तथा कार्यक्रमलाई मुल आधार मानिएको छ। यो बजेट कार्यान्वयनबाट **'समृद्ध भीमेश्वर; पौरखी भीमेश्वरवासी'** को नारा फलीभूत बनाउन सहयोग मिल्ने अपेक्षा लिइएको छ।

३. यसअघि प्रस्तुत भएका तीन वटा बजेटको कार्यान्वयनबाट यस नगरपालिकामा समृद्धिको सुरुवात भएको महसुस गरिएको छ। जनप्रतिनिधिहरूको समन्वय, नगरवासीको सहयोग, विभिन्न सरकारी तथा गैर सरकारी निकायको साझेदारी एवम् नगारिक समाजको सद्भावबाट नगरपालिकाले विकास निर्माण कार्यलाई गतिशीलता प्रदान गरेको अनुभूति गरेको छु।

४. मानव जातिकै सङ्कटको रूपमा पैदा भएको कोरोना संक्रमण विरुद्ध जित हासिल गर्न विभिन्न क्षेत्रबाट सहयोग गर्नुहुने नगरवासी, अन्तर्राष्ट्रिय दातृसंस्था, गैरसरकारी संस्था र अन्य सरोकारवाला व्यक्तिहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। उपचाररत सम्पूर्ण व्यक्तिहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। यस महामारीका कारण जीवन गुमाउनु हुने सम्पूर्ण व्यक्तिहरु प्रति भावपूर्ण श्रद्धाञ्जली तथा उहाँहरूको परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछु र सम्पूर्ण महानुभावहरूमा यस संक्रमणबाट सुरक्षित हुन आ-आफ्नो तर्फबाट सचेत रहन हार्दिक अपिल गर्दछु।

५. यस अघिका तीन वटा बजेट तर्जुमा र कार्यान्वयनका सन्दर्भमा हासिल गरेका अनुभव र नगरवासीका तर्फबाट समय समयमा प्राप्त सुझाव समेतका आधारमा आर्थिक वर्ष २०७७/७८ को बजेट तयार गरिएको छ । बजेट तयार गर्दा मूलतः नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका मार्गदर्शनका आधारमा बजेटको सिद्धान्त र प्राथमिकतामा रही भीमेश्वर नगरपालिकाको समृद्धि र दीगो विकासका लक्ष्य प्राप्त हुने क्षेत्रमा लगानी प्रवाह गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

**नगरसभा सदस्यज्यूहरू,**

६. अब म गत आर्थिक वर्ष २०७५/७६ र आर्थिक वर्ष २०७६/७७ को संक्षिप्त वित्तीय विवरण प्रस्तुत गर्न अनुमति चाहान्छु।

७. आर्थिक वर्ष २०७५/७६ मा कुल ८४ करोड ०४ लाख ८ हजार रुपैयाँ विनियोजन भएकोमा चालु तर्फ विनियोजित भएको रकम ४४ करोड २५ लाख ३६ हजार रुपैयाँ मध्ये ३९ करोड ४२ लाख ५४ हजार ६ सय ६७ रुपैयाँ खर्च भएको थियो भने पुँजीगत तर्फ विनियोजित भएको ३९ करोड ७८ लाख ३२ हजार रुपैयाँ मध्ये २४ करोड ७६ लाख २५ हजार ४०४ रुपैँया खर्च भएको थियो ।

८. चालु आर्थिक वर्ष २०७६/७७ का लागि विनियोजन भएको कुल रकम ९१ करोड २५ लाख ०९ हजार रुपैयाँ मध्ये चालु तर्फ ३६ करोड ४१ लाख ८० हजार रुपैँया, पुँजीगत तर्फ ५४ करोड ६३ लाख २९ हजार रुपैयाँ र वित्तीय व्यवस्थापन तर्फ २० लाख रुपैयाँ विनियोजन गरिएको थियो । जसमध्ये २०७७ जेठ मसान्त सम्म चालुतर्फ २७ करोड ९४ लाख ६५ हजार रुपैँया (७६ प्रतिशत), पुँजीगततर्फ १७ करोड ३७ लाख ५९ हजार रुपैयाँ (३२ प्रतिशत) र वित्तीय व्यवस्थापन तर्फ १७ लाख ५० हजार रुपैयाँ (८७ प्रतिशत) खर्च भएको छ भने बाँकी बजेट अन्तर्गतको कार्यक्रम/आयोजनाहरु सम्पन्न भई भुक्तानीको क्रममा रहेका छन् ।

९. नगरपालिकामा गत आर्थिक वर्ष २०७५/७६ मा ३ करोड २६ लाख ३ हजार रुपैयाँ आन्तरिक आय सङ्कलन भएको थियो । चालु आर्थिक वर्षका लागि २ करोड ९७ लाख रुपैयाँ आन्तरिक आय अनुमान गरिएकोमा २०७७ जेठ मसान्त सम्म १ करोड ६३ लाख ६६ हजार २ सय ५४ रुपैयाँ आन्तरिक आय सङ्कलन भएको छ । नेपालको संविधान बमोजिम नगरपालिकाले लगाउने कर, दस्तुर तथा शुल्क लगायतका राजस्वको दरलाई वैज्ञानिक बनाई त्यसको आधार र दायराहरूलाई विस्तार गर्न स्थानीय सरकारको वित्तीय अधिकार क्षेत्रभित्रका कर, सेवाशुल्क, दस्तुर र बिक्रीको आधार र दायरा अझ फराकिलो, सहज र सरलीकृत गरिएको छ । करदाताहरूको कर तिर्ने क्षमता र कोरोना संक्रमणको कारण लामो समयदेखि कायम रहेको बन्दाबन्दीलाई मध्यनजर गर्दै कर सहभागितामा उल्लेखनीय वृद्धि गराउन आगामि आर्थिक वर्षका लागि करका दरहरूमा वृद्धि नगरी छुट सहुलियत दिने र करदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने योजना बनाइएको छ ।

**सभाध्यक्ष महोदय,**

**नगरसभा सदस्यज्यूहरू,**

१०. अब म आर्थिक वर्ष २०७७/७८ को बजेट तर्जुमा गर्दा अपनाइएको प्रकृया र बजेटका उद्देश्य एवम् प्राथमिकतालाई संक्षिप्त रूपमा प्रस्तुत गर्न अनुमति चाहन्छु । आर्थिक वर्ष २०७७/७८ का लागि भीमेश्वर नगरपालिकाले पूर्व योजना तर्जुमा गोष्ठी गरी वडागत रूपमा बजेटको सीमा र मार्गदर्शन पठाएको र सोही मार्गदर्शनमा उल्लेखित प्रक्रिया र कार्यतालिका अनुसार वडा स्तरमा योजना तर्जुमा गरिएको छ । कोरोना महामारीका बावजुत पनि नीति निर्माण तथा आयोजना छनौटको कार्यमा बढी भन्दा बढी जनसहभागिता जुटाउन सरोकारवालाहरूलाई सहभागी गराउने प्रयास गरिएको छ। प्रचलित कानुनी व्यवस्था अनुसार योजना तर्जुमाका सात चरणलाई पालना गरी बजेट तयार गरिएको छ । यसलाई अझै सहभागितामूलक बनाउने उद्देश्यका साथ नगरपालिकाले सघन रूपमा राजनीतिक दलका प्रतिनिधि, पूर्व जनप्रतिनिधि, विषयविज्ञ एवम् बुद्धिजीवी, जेष्ठ नागरिक, महिला, एकल महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति तथा दलित समुदाय, खेलप्रेमी युवा वर्ग, सहकारीकर्मी, सामुदायिक वनका पदाधिकारी, पर्यटन व्यवसायी, टोल सुधार समितिका पदाधिकारी, सञ्चारकर्मी लगायत विभिन्न सरोकारवाला समूहहरूसँग अलग अलग परामर्श लिई बजेटको प्राथमिकता निर्धारण गरिएको छ ।

११. आर्थिक वर्ष २०७७/७८ को बजेटका उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

(क) आर्थिक सामाजिक रूपान्तरणकारी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने,

(ख) दीगो विकास लक्ष्य पूरा गर्न सहयोग पुऱ्याउने कार्यक्रमहरू छनौटमा प्राथमिकता दिने,

(ग) उपलब्ध स्रोत साधन, अवसर र दक्षताको उच्चतम उपयोग र न्यायिक वितरण गर्ने,

(घ) नगरपालिकाभित्र विकासका दीगो आधारहरू तयार गरी नागरिकको जीवनस्तरमा सुधार गर्ने,

(ङ) आर्थिक, भौतिक तथा सामाजिक संरचनामा गुणात्मक सुधार गर्दै नगरको समृद्धि हासिल गर्न सहयोग पुऱ्याउने,

(च) कोरोना महामारी पश्चातको उठनशील अर्थतन्त्र विकास गर्ने,

(छ) समृद्ध भीमेश्वर निर्माणको लक्ष्य प्राप्ती गर्ने ।

१२. बजेटको उद्देश्य हासिल गर्न आर्थिक वर्ष २०७७/७८ को बजेटका प्राथमिकता निम्नानुसार प्रस्तुत गरेको छु ।

(क) विश्वव्यापी कोरोना महामारी पश्चातको उठनशील अर्थतन्त्र विकास र रोजगारी सिर्जना गर्नका लागि कृषि आधुनिकीकरण र व्यावसायिक पशुपालनमा जोड दिने,

(ख) गुणस्तरीय र सहज पहुँच योग्य स्वास्थ्य सेवा वितरणलाई सुनिश्चित गर्दै महामारी नियन्त्रण तथा रोकथाम गर्ने,

(ग) शैक्षिक गुणस्तर सुधार, सिकाई उत्प्रेरणा जगाउने, शैक्षिक गन्तब्य (Education Hub) को रूपमा विकास गर्ने र बालमैत्री नगरलाई निरन्तरता दिने,

(घ) भीमेश्वर नगरपालिकालाई सांस्कृतिक धरोहरको संरक्षण र प्रवर्द्धन गर्दै धार्मिक, सांस्कृतिक, ऐतिहासिक, साहसिक र मनोरञ्जनात्मक पर्यटकीय गन्तब्यको रूपमा विकास गर्ने,

(ङ) भीमेश्वर औद्योगिक ग्रामको स्थापना, उद्यमशीलताको विकास र ठूला उद्योगका लागि लगानीमैत्री वातावरण बनाउदै उत्पादनमूलक रोजगारी सिर्जना गर्ने,

(च) **'हाम्रो अभिभारा; घर घरमा धारा'** अभियानलाई निरन्तरता दिने, सुरक्षित र दिगो सडक पूर्वाधार निर्माण र स्तरोन्नती गर्ने, व्यवस्थित आवास र भवन निर्माण गर्ने, सिँचाई सुविधा विस्तार गर्ने र वडागत रूपमा खेलकुदका पूर्वाधारहरू निर्माणलाई निरन्तरता दिने ।

(छ) उद्यमशीलता विकास, सार्वजनिक-सहकारी-समुदायिक साझेदारी र सामाजिक समावेशीकरणका कार्यक्रम सञ्चालन गर्ने,

(ज) जैविक विविधता संरक्षण गर्दै वातावरणीय सन्तुलन कायम गर्ने र विपद् जोखिम न्यूनिकरण गर्ने,

(झ) संस्थागत सुदृढिकरण र सुशासन कायम गर्दै सेवाप्रवाहलाई प्रभावकारी बनाउने ।

१३. अब म आर्थिक वर्ष २०७७/७८ मा नगरभित्र सञ्चालन हुने प्रमुख कार्यक्रम तथा आयोजनाहरूका लागि रकम विनियोजनको प्रस्ताव गर्ने अनुमति चाहन्छु ।

**कृषि तथा सिँचाई :**

१४. **'सबै जमिनमा सिंचाई पुऱ्याउँ; बाँझो जमिनलाई उर्वर बनाउँ'** भन्ने मान्यताका साथ आर्थिक समृद्धिका लागि कृषिबाली र पशुपालनमा आधुनिकीकरण र व्यावसायिकरण गर्ने नीति अनुरूप कृषि औजार तथा उपकरणमा साझेदारी गर्ने, नगदेबालिको उत्पादन, पकेट क्षेत्र विकास तथा विशेष बाली र पशुपालनको क्षेत्र निर्धारण गर्ने, स्थानीय जातका बिऊ संरक्षण गर्ने, कृषि उपज संकलन, भण्डारण र प्रशोधन कार्य गर्नुको साथै हाट बजार व्यवस्थापन  गर्ने, विषादीलाई निरुत्साहित गरी प्राङ्गारिक कृषि उत्पादनमा प्रोत्साहन, माटो परीक्षण, व्यवसायिक पशुपालन अनुदान, कृतिम गर्भधान, पशु विमा जस्ता कृषि तथ पशुजन्य उत्पादन र उत्पादकत्व बढाउने, कृषिमा रोजगारी सिर्जना हुने, नगरपालिकालाई कृषिमा आत्मनिर्भर बनाउने र कृषि उपजहरूको निर्यात बढाउने जस्ता कार्यक्रमलाई बजेट विनियोजन गरेको छु । व्यावसायिक रूपमा कृषि तथा पशुपालन गर्ने कृषकहरूका लागि कोष स्थापना गर्न बजेट व्यवस्था गरेको छु । कृषियोग्य जमिनमा दीगो एवम् भरपर्दो सिंचाई सुविधा पुऱ्याउने नीति अनुरुप सिंचाई कार्यक्रमका लागि बजेट व्यवस्था गरेको छु । मऱ्याङ्खोला -दोलखा बेंसी सिचाइ आयोजना यसै आवबाट निर्माण कार्य शुरु गरिने छ ।  कृषिबाली तथा पशुपालन र सिँचाई क्षेत्रमा ४ करोड ५६ लाख ८५ हजार रुपैयाँ बजेट विनियोजन गरेको छु ।

**उद्योग, वाणिज्य तथा बजार व्यवस्थापन :**

१५. **'रोकौं विदेश जान; खोलौं आफ्नैं कारखाना'** नीति कार्यान्वयन गर्न भीमेश्वर उन्नत कोषमा बजेट विनियोजन गरेको छु । उक्त कोषबाट स्थानीय सीप, श्रम, प्रविधि र सामग्रीमा आधारित मूल्य शृङ्खला हुने प्रकृतिको लघु, घरेलु तथा साना उद्योगहरू निजी क्षेत्रसँगको औद्योगिक लगानी साझेदारी गर्न सहयोग पुग्ने विश्वास लिएको छु । भीमेश्वर औद्योगिक ग्रामको स्थापना, उद्यमशीलताको विकास, प्रत्येक वडामा कम्तीमा १० जना महिला उद्यमीको सिर्जना, लघु उद्यम विकास कार्यक्रम, नगर युवा रोजगार कार्यक्रम र प्रधानमन्त्री रोजगार कार्यक्रम, लगानीमैत्री वातावरण निर्माण कार्यक्रम, गरिबी निवारणका लागि लघु

उद्यम विकास कार्यक्रम तथा वाणिज्य र बजार व्यवस्थापनका लागि बजेट व्यवस्था गरेको छु । उद्योग, वाणिज्य र बजार व्यवस्थापनका लागि १ करोड ९६ लाख २० हजार रुपैयाँ बजेट विनियोजन गरेको छु ।

**पर्यटन :**

१६. **'आस्थासँग जौडौं सम्पदालाई; पदमार्ग खोलौं पर्यटकलाई'** भन्ने मान्यताका साथ धार्मिक, सांस्कृतिक, ऐतिहासिक र साहसिक पर्यटनको विकास गन्तव्यको रूपमा यस नगरपालिकालाई विकास गर्ने, पर्यटन मार्फत आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्ने नीति अनुरूप **'एक वडा एक पार्क'** निर्माण गर्न, चम्पुजा हरीयाली पार्क, सोलार पार्क, मञ्जुश्री पार्क, सहिद पार्क जस्ता पर्यटकीय स्थलहरूको पहिचान, प्रचार प्रसार र पर्यटकीय स्थलहरूमा पूर्वाधार निर्माण तथा विकास गर्न, पर्यटन सूचना केन्द्र स्थापना गर्न, वृन्दावन धार्मिक पर्यटकीय क्षेत्र, विश्व शान्ति बुद्धपार्क,  खुला चिडियाखाना, थामी संग्रहालय, विभिन्न पदमार्ग निर्माण, साहसिक पर्यटकीय खेलहरूको अध्ययन तथा पूर्वाधार निर्माण, पर्यटकहरूको आतिथ्यतासँग सम्बन्धित कार्यक्रमहरूलाई बजेट व्यवस्था गरेको छु। पर्यटन क्षेत्रमा कुल ३ करोड ८० लाख रुपैयाँ बजेट विनियोजन गरेको छु ।

**सहकारी :**

१७. सहकारी क्षेत्रको बहुआयामिक योगदानलाई उच्च कदर गर्दै सहकारीसँगको साझेदारीमा नागरिकहरुका लागि आय आर्जन वृद्धि गर्ने र **सार्वजनिक-सहकारी-समुदाय साझेदारी (PCCP)** ढाँचामा कार्यक्रम सञ्चालन गर्ने नीति अनुरुप विपन्न र गरिब नगरवासीहरूका लागि विशेष सहयोग पुग्ने कार्यक्रम सञ्चालन गर्न र सरल एवम् सहुलियतपूर्ण कर्जा प्रदान गराउन आवश्यक नियमन गर्न र सफ्टवेयरमार्फत विद्युतीय प्रतिवेदन प्रणालीको विकास गर्ने कार्यक्रमहरूलाई बजेट व्यवस्था गरेको छु। सहकारी क्षेत्रमा  १२ लाख रुपैयाँ बजेट विनियोजन गरेको छु ।

**आधारभूत, माध्यामिक शिक्षा र उच्च शिक्षा :**

१८. विकास आधारशिलाको रूपमा रहेको शिक्षाको विकासमा सर्वोपरी जोड दिने नीति  अनुरुप **'नगरवासीको एउटै इच्छा; जीवनउपयोगी र आत्मनिर्भर शिक्षा'** भन्ने नाराका साथ सबै

बालबालिकाहरू विद्यालय भर्ना गर्ने, विद्यालयमा टिकाई राख्ने, सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने, सामुदायिक विद्यालयमा अध्ययन गर्ने कक्षा बल कक्षादेखि ६ कक्षासम्मका विद्यार्थीहरूलाई निःशुल्क पोसाक वितरण गर्ने, कक्षा बाल कक्षादेखि ५ कक्षासम्म अंग्रेजी माध्यममा अध्यापन गराउन अंग्रेजी माध्यमका पाठ्यपुस्तकहरू खरिदमा अभिभावकहरूलाई अनुदान दिने, विद्यालयमा खानेपानी, शौचालय आदिको भौतिक पूर्वाधार सुधार गर्ने र बालमैत्री पूर्वाधार र शैक्षिक सामग्री व्यवस्था गर्ने, विद्यार्थीहरूको शारिरीक तथा बौद्धिक विकासका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने, स्थानीय पाठ्यक्रम र स्थानीय पाठ्यपुस्तक तयार गरी कार्यान्वयनमा ल्याइने, भीमेश्वर नगरपालिकामा रहेका क्याम्पसहरूलाई जिल्लाकै शैक्षिक गन्तव्यका रूपमा विकास गर्न पूर्वाधार निर्माण कार्यक्रम सञ्चालन गर्ने, स्वदेशमा चिकित्साशास्त्रमा उच्चशिक्षा अध्ययन गर्ने विद्यार्थीहरूका लागि प्रति व्यक्ति एक लाख रूपैँया प्रोत्साहन जस्ता कार्यक्रमहरुमा बजेट विनियोजन गरेको छु । साथै बालमैत्री लगानी योजना अनुसारका कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु । शिक्षा क्षेत्रमा कुल २३ करोड ५४ लाख १ हजार रुपैयाँ बजेट विनियोजन गरेको छु ।

**आधारभूत स्वास्थ्य तथा अस्पताल व्यवस्थापन :**

१९. विकासका साध्य र साधन दुवै नागरिक नै भएकोले नगरवासीलाई स्वस्थ बनाउन सहज र गुणस्तरीय स्वास्थ्य प्रदान गर्ने, स्वास्थ्य सेवामा सबै नगरवासीको पहुँच सुनिश्चित गर्ने र जवाफदेही स्वास्थ्य सेवा प्रणालीको व्यवस्था गर्ने नीति अनुरूप स्वास्थ्य क्षेत्रका जनशक्ति उत्पादन, एक विद्यालय एक नर्स, गर्भवती महिला, सुत्केरी आमा र नवजात शिशुको नियमित स्वास्थ्य परीक्षण, स्वस्थ्य सुधार र पोषणमा सहयोग, गर्भवती महिला, सुत्केरी आमाहरुका लागि स्वास्थ्य परामर्श, स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधार निर्माण र सुधार, स्वास्थ्य चौकीहरूमा आवश्यक स्वास्थ्य सामग्रीहरूको व्यवस्था, शहरी स्वास्थ्य केन्द्रमार्फत स्वास्थ्य सेवा सञ्चालन, आकस्मिक स्वास्थ्य सेवा, स्वास्थ्य शिविर सञ्चालन, महिला स्वास्थ्य स्वयम् सेविकाहरूलाई प्रोत्साहन जस्ता कार्यक्रमहरूलाई समेट्न प्रयास गरिएको छ । स्वास्थ्य क्षेत्रमा प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक र निरोधात्मक प्रकृतिका सबै कार्यक्रमहरूलाई बजेट विनियोजन गरेको छु । **'महामारी विरुद्ध लड्न तयार रहौं; स्वास्थ्य सचेतना घरघरमा पुऱ्याउँ'** भन्ने

सन्देशका साथ कोरोना सङ्क्रमण नियन्त्रण तथा रोकथाम र उपचारसँग सम्बन्धित कार्यक्रमहरुलाई समेत बजेट व्यवस्था गरेको छु । प्रस्तावित चरिकोट अस्पतालको भौतिक पूर्वाधार विकासका लागि बजेट  व्यवस्था गरेको छु। स्वास्थ्य क्षेत्रमा कुल ६ करोड २४ लाख ६ हजार रुपैयाँ बजेट विनियोजन गरेको छु ।

**खानेपानी तथा सरसफाइ :**

२०. सहरी क्षेत्रमा सहरी खानेपानी आयोजना र ग्रामिण क्षेत्रमा वडास्तरीय खानेपानी आयोजना मार्फत खानेपानीको दीर्घकालीन व्यवस्थापन गरिएको छ । यसका लागि क्रमागत खानेपानी आयोजनाहरूको पूर्णता र नयाँ खानेपानी आयोजनाहरूको प्रस्ताव गरिएको छ । खानेपानी वितरण प्रणालीलाई व्यवस्थित गर्न, सरसफाइ प्रवर्द्धधनका लागि भीमेश्वर नगरपालिका वडा नं. ७ स्थित भुलभुलेमा सरसफाइ केन्द्र निर्माण गरी **सार्वजनिक-निजी-साझेदारी कार्यक्रम**लाई निरन्तरता दिने, फोहोरमैलाबाट प्राङ्गारिक मल उत्पादन गर्ने कार्यक्रम सञ्चालन गर्न, टोल सुधार तथा सरसफाइ समिति, नगारिक सचेतना केन्द्रसँगको सहकार्यमा विकास निर्माण तथा सरसफाइ कार्यलाई अघि बढाउन बजेट प्रस्ताव गरेको छु। **'हाम्रो अभिभारा; घर घरमा धारा'** भन्ने नाराका साथ **'एक घर एक धारा'** कार्यक्रमलाई निरन्तरता दिएको छु । खानेपानी तथा सरसफाइ क्षेत्रमा कुल १ करोड ३१ लाख ५० हजार रुपैयाँ बजेट विनियोजन गरेको छु।

**भाषा, संस्कृति तथा ललितकलाको संरक्षण तथा प्रवर्द्धन :**

२१. ऐतिहासिक तथा सांस्कृतिक नगरी दोलखाको सम्पदा बस्ती विकास र अन्य सांस्कृतिक पुरातात्त्विक विषयमा अध्ययन अनुसन्धान गरी विस्तृत कार्ययोजनाका आधारमा भाषा, लिपी, कला, संस्कृति, सम्पदा, धार्मिक स्थल आदि सांस्कृतिक धरोहरहरूको संरक्षण गर्ने नीति अनुसार आदिवासी, जनजाति र दलित समुदायहरूको परम्परागत सीप र कलाको संरक्षण र सम्बर्द्धन गर्ने स्थानीय मठ, मन्दिर चाडपर्व र जात्राको जगेर्ना तथा सम्बर्द्धन गर्ने, जस्ता कार्यक्रम तथा आयोजनाहरुलाई बजेट प्रस्ताव गरिएको छ। भाषा, कला, ललितकलाको संरक्षण तथा प्रवर्द्धनमा ९० लाख रुपैयाँ बजेट विनियोजन गरेको छु।

**युवा खेलकुद तथा मनोरञ्जन :**

२२. खेलकुद मार्फत नगरपालिकाको पहिचान स्थापित गर्ने नीति अनुरूप **'एक वडा एक खेल मैदान'** निर्माण, खेलाडीलाई प्रशिक्षण, क्षमता विकास तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्न र

खेल प्रतियोगिता, मेयर कप फुटबल एवम् क्रिकेट, उपमेयर कप महिला भलिबल प्रतियोगिता, साहसिक खेल प्रतियोगिता सञ्चालन गर्न बजेट विनियोजन गरेको छु । खेलकुद मार्फत नगरपालिकाको पहिचान स्थापित गर्ने नीति अनुरुप वडाहरूमा थप खेलमैदानहरू निर्माण गर्ने, खेलाडीलाई प्रशिक्षण, क्षमता विकास र प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने र नियमित रूपमा खेलकुद प्रतियोगिता सञ्चालन गर्ने लगायतका कार्यक्रमहरुमा बजेट प्रस्ताव गरेको छु । युवा, खेलकुद तथा मनोरञ्जनका लागि ३२ लाख ९० हजार रुपैयाँ बजेट विनियोजन गरेको छु ।

**लैङ्गिक समानता, सामाजिक समावेशिकरण तथा सामाजिक सुरक्षा :**

२३. सामाजिक समावेशीकरणको मर्मलाई आत्मसात गर्दै महिला, बालबालिका, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका लगायतका लक्षित वर्गहरूको आर्थिक सामाजिक सशक्तिकरण, मूलप्रवाहिकरण र सचेतीकरण गर्ने, जातीय विभेद न्यूनीकरणकरण गर्ने, दलित र गैर दलित समुदायबीच अन्तर जातीय विवाहलाई प्रोत्साहन गर्ने, लक्षित वर्गको सीप तथा क्षमता विकास, आयआर्जन र सहयोगका लागि कार्यक्रम सञ्चालन गर्ने, जेष्ठनागरिक प्रति सम्मान गर्दै **'एक वडा एक जेष्ठ नागरिक आरोग्य केन्द्र'** निर्माण कायलाई निरन्तरता दिइने, जेष्ठ नागरिक भेटघाट कार्यक्रमलाई निरन्तरता दिइने, बालश्रम निवारण गर्ने, हिंसापीडित महिला र संकटमा परेका बालबालिकाहरूलाई सुरक्षाको व्यवस्था मिलाइने तथा सुरक्षित आवस निर्माण गर्ने कार्य प्रारम्भ भएको छ । यस क्षेत्रका कार्यक्रम सञ्चालन गर्न कुल १ करोड २८ लाख ८६ हजार रुपैयाँ बजेट विनियोजन गरेको छु ।

**सडक पूर्वाधार विकास :**

२४. नगर गौरवको लागि नगरपालिका भित्रका प्रत्येक वडाको छुट्टाछुट्टै पहिचान हुनेगरी एक वडा एक पहिचान कायम गर्ने, नगर सडक गुरुयोजना (MTMP) तर्जुमा गरी नगरपालिकामा व्यवस्थित सडक सञ्जाल विस्तार र स्तरोन्नती गर्ने, वातावरणमैत्री हरियाली सडक निर्माण गर्ने, महत्त्वपूर्ण सडकहरूलाई कालोपत्रे गर्ने, सडकको दायाँ बायाँ वृक्षारोपणमा प्रोत्साहन गर्ने, सडक निर्माण मापदण्ड कडाइका साथ लागू गरी सुरक्षित सडक निर्माण गर्ने, सडकको लगत तयार गर्ने र सडकले चर्चेको जग्गाको लगत कट्टा गर्ने, लागत साझेदारीमा शहरी सडक स्तरोन्नती गर्ने, यातायात क्षेत्र व्यवस्थित गर्न वसपार्क निर्माण स्थल पहिचान, विस्तृत

आयोजना प्रतिवेदन तयार गरी निर्माणका लागि आवश्यक समन्वय गर्ने, सहरी क्षेत्रमा पार्किङ्ग स्थलहरूको निर्माण गर्ने, कार्यक्रम सञ्चालन गर्न सडक पूर्वाधार तर्फ ९ करोड ३० लाख ५ हजार रुपैयाँ बजेट विनियोजन गरेको छु ।

**भवन तथा सहरी विकास :**

२५. व्यवस्थित आवास तथा भवन निर्माणका लागि भवन संहिताको पूर्ण पालना गराउने र योजनावद्ध सहरी पूर्वाधार विकास गर्ने नीति अनुरुप सहरी क्षेत्रमा सडक वत्ती व्यवस्था गर्ने, भीमेश्वर नगरपालिका-४ जिलु, भीमेश्वर नगरपालिका-१ वोसिम्पा एकीकृत वस्तीको कार्यमा तिव्रता दिइने, वडा नं.-२ स्थित सम्पदा वस्तीको निर्माणमा निरन्तरता दिने, सहरी क्षेत्रमा हरियाली प्रवर्द्धन, सहरी सौन्दर्य र स्वच्छ सहर अभियान सञ्चालन गर्ने, वडा कार्यालय भवन निर्माण गर्ने कार्यक्रमका लागि बजेट व्यवस्था गरेको छु । **'वातावरणमैत्री दिगो पूर्वाधार; समृद्ध नगरको बलियो आधार'** भन्ने मान्यतालाई आत्मसात गर्दै टुडिखेलमा प्यारापिट सहितको राष्ट्रियस्तरको रङ्गशाला निर्माण, नगर कार्यपालिकाको कार्यालय भवन अगाडी सुविधा सम्पन्न कवर्डहल निर्माण गर्न बजेट प्रस्ताव गरेको छु । सार्वजनिक शौचालय तथा सूचना केन्द्रसहितको भीमेश्वर प्रवेशद्वार, भीमेश्वर बहुउद्देश्यीय भवन, विभिन्न पार्कहरू लगायतका ठूला पूर्वाधार निर्माण कार्यका लागि पर्याप्त बजेट व्यवस्था गरेको छु । उक्त कार्यक्रमका लागि भवन तथा सहरी विकास तर्फ २१ करोड ८७ लाख रुपैयाँ बजेट विनियोजन गरेको छु ।

**सूचना, सञ्चार तथा विज्ञान प्रविधि :**

२६. सूचना तथा सञ्चार र प्रविधि क्षेत्रलाई व्यवस्थित गरी नगरवासीलाई सहज रूपमा सञ्चार माध्यम र प्रविधिबाट छिटो र भरपर्दो सूचना उपलब्ध गराइने, मेट्रिक प्रणालीमा आधारित घरहरूको साङ्केतीकरण कार्यलाई पूरा गरी सडक मार्गको नामकरण अनुसार पुस्तिका तयार गर्ने साथै घर नक्शा पासलाई डिजिटाइज गर्ने, सूचनाको हकको पूर्ण प्रत्याभूति गर्ने, नगरपालिकाको सूचनाहरू नियमित रूपमा विभिन्न माध्यमबाट नगरवासीहरूलाई सम्प्रेषण गर्ने, हालको भीमेश्वर डबली एप्स लाई स्तर वृद्धि गरी नगरवासीलाई सूचना प्रवाह गर्ने व्यवस्था गर्ने, आवधिक रूपमा बुलेटिन प्रकाशन गर्ने, स्थानीय सञ्चार माध्यमहरूलाई प्रवर्द्धन

गर्न सहयोग पुग्ने कार्यक्रम सञ्चालन जस्ता कार्यक्रमहरुमा बजेट विनियोजन गरेको छु। सूचना, सञ्चार तथा विज्ञान प्रविधि क्षेत्रमा १४ लाख रुपैयाँ बजेट विनियोजन गरेको छु।

**ऊर्जा तथा सडक बत्ती :**

२७. वैकल्पिक उर्जाका कार्यक्रमलाई प्रोत्साहित गर्ने नीति अनुरूप वैकल्पिक ऊर्जामा आधारित सडक वत्ती, सोलार प्रणाली जडान लगायतका कार्यक्रमलाई बजेट विनियोजन गरेको छु। ऊर्जा तथा सडक वत्ति क्षेत्रमा ८६ लाख रुपैयाँ बजेट विनियोजन गरेको छु।

**वन, वातावरण तथा विपद् व्यवस्थापन :**

२८. जीवन पद्धति र समृद्धिको आधारको रूपमा रहेको वन र वातावरणको संरक्षण गर्ने नीति अनुरुप सामुदायिक वन व्यवस्थित गर्ने, आवश्यक नियमन गर्ने, सामुदायिक वन उपभोक्ता समितिहरू र सामुदायिक वन उपभोक्ता महासंघसँगको सहकार्यमा वन पैदावारमा आधारित व्यावसायिक खेति तथा उद्यम सञ्चालन गरी आयआर्जन गर्ने, **'एक वडा, एक पुनर्भरण पोखरी** (**Re-charge Pound**) **निर्माण'** गर्ने नीतिलाई निरन्तरता दिने, साझेदार संस्थाहरूसँगको सहकार्यमा विपद् सूचना व्यवस्था प्रणाली सहितको आपतकालीन सेवा केन्द्र (EOC) सञ्चालन गर्ने, जलवायु परिवर्तन असरहरूलाई न्यूनीकरण तथा पारिस्थितिकीय प्रणाली संरक्षण गर्दै जीविकोपार्जन सुधार गर्ने कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु। वन, वातावरण, तथा विपद् व्यवस्थापनमा १ करोड २ लाख ५० हजार रुपैयाँ बजेट विनियोजन गरेको छु।

**सुशासन, संस्थागत विकास र सेवा प्रवाह :**

२९. नगरपालिकाको सेवा प्रवाहलाई सेवाग्राहीमैत्री तथा प्रविधिमैत्री बनाई सुशासनको प्रत्याभूत गराउने नीति अनुरुप नगरवासीहरूलाई सेवा प्रवाह सम्बन्धमा सहज गुनासो गर्न सक्ने र यथाशीघ्र गुनासो सुनुवाई गर्ने संयन्त्र विकास गर्न, स्थानीय सेवा प्रवाह प्रभावकारी बनाउन सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन कार्यान्वयन गर्न, क्षमता विकासका लागि तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न, कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था गरेको छु। कर्मचारी कल्याणकोषमा आवश्यक वजेटको व्यवस्था गरिएको छ। सुशासन, संस्थागत विकास र सेवा प्रवाह क्षेत्रमा तलब भत्ता, कार्यालय सञ्चालनको प्रशासनिक तथा चालु खर्च सहित कुल ९ करोड ४७ लाख ५५ हजार रुपैयाँ वजेट विनियोजन गरेको छु ।

३०. उल्लिखित सम्पूर्ण क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि चालु तर्फ कार्यक्रहरूमसमेत गरी ३९ करोड ६० लाख ५ हजार रुपैयाँ (४५.६५ प्रतिशत), पुँजीगत तर्फ ४६ करोड ९८ लाख ४३ हजार रुपैयाँ (५४.१८ प्रतिशत) र वित्त व्यवस्थापन तर्फ १५ लाख रुपैयाँ (०.१७ प्रतिशत) गरी जम्मा ८६ करोड ७३ लाख ४८ हजार रुपैयाँ बजेट प्रस्ताव गरिएको छ । सो मध्ये क्षेत्रगत रूपमा हेर्दा आर्थिक विकासमा १० करोड ४५ लाख ५ हजार रुपैयाँ ( १२.०४ प्रतिशत), सामाजिक विकासमा ३३ करोड ६१ लाख ३३ हजार रुपैयाँ (३८.७५ प्रतिशत), पूर्वाधार विकासमा ३२ करोड १७ लाख ५ हजार रुपैयाँ (३७.०९ प्रतिशत), वन, वातावरण तथा विपद् व्यवस्थापनमा १ करोड २ लाख ५० हजार रुपैयाँ (१.२० प्रतिशत) र सुशासन तथा संस्थागत विकास कार्यसञ्चालन तथा प्रशासनिक खर्च समेत गरी ९ करोड ४७ लाख ५५ हजार रुपैयाँ (१०.९२ प्रतिशत) बजेट विनियोजन गरेको छु ।

३१. आर्थिक वर्ष २०७७/७८ का लागि कुल बजेट विनियोजन तथा खर्चका स्रोतको विवरण अनुसूचि-१ मा राखेको छु । नगरस्तरीय तथा वडास्तरीय आयोजनाहरूको विवरण अनुसूची-२ मा संलग्न गरेको छु। आर्थिक वर्षको सुरुदेखि नै कार्यक्रम तथा आयोजना सञ्चालन गरी समयमै सम्पन्न हुने र स्रोतको समुचित उपयोग हुने विश्वास लिएको छु ।

**सभाध्यक्ष महोदय,**

**नगरसभा सदस्यज्यूहरू ।**

३२. अब म उल्लिखित विनियोजन अनुसार कार्यक्रम तथा आयोजना सञ्चालनका लागि आवश्यक स्रोतको प्रस्ताव गर्ने अनुमति चाहन्छु। नगरपालिकाले पहिचान गरेका स्रोत र आगामी आर्थिक वर्षका लागि प्रस्ताव गरिएका राजस्वका दर समेतका आधारमा आन्तरिक स्रोतबाट २ करोड ५० लाख रुपैयाँ परिचालन हुने अनुमान गरेको छु । यस आर्थिक वर्षबाट आगामी आर्थिक वर्षमा जिम्मेवारी सर्ने मौज्दात ६ कारोड ४८ लाख ०६ हजार ६ सय ५० रुपैयाँ रहने अनुमान गरेको छु ।

३३. नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान १६ करोड ७९ लाख रुपैयाँ, सशर्त अनुदान ३७ करोड ७४ लाख रुपैया, समपुरक अनुदान १ करोड ४ लाख रुपैयाँ र विशेष अनुदान १ करोड रुपैयाँ गरी जम्मा ५६ करोड ५७ लाख रुपैयाँ आयको अनुमान पेश गरेको

छु । साथै बागमति प्रदेशबाट  समानीकरण अनुदान १ करोड १ लाख ९० हजार रुपैयाँ, शशर्त अनुदान ३ करोड ६९ लाख ८६ हजार रुपैयाँ, समपुरक अनुदान २ करोड ८८ लाख ९३ हजार रुपैयाँ र विशेष अनुदान ४० लाख रुपैयाँ  गरी जम्मा ८ करोड ६९ हजार रुपैयाँ आयको अनुमान पेश गरेको छु । त्यसैगरी राजस्व बाँडफाँटतर्फ संघीय सरकारबाट ८ करोड ४३ लाख १९ हजार ३५० रुपैयाँ र बागमती प्रदेश सरकारबाट ४ करोड ७४ लाख ५३ हजार  रुपैयाँ गरी जम्मा १३ करोड १७ लाख ७२ हजार ३ सय ५० रुपैँया आयको अनुमान पेश गरेको छु ।

अन्त्यमा, भीमेश्वर नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वार्षिक बजेट तर्जुमा कार्यमा महत्त्वपूर्ण पृष्ठपोषणको भूमिका निर्वाह गर्नुहुने प्रतिनिधि सभा र बागमती प्रदेश सभा सदस्यज्यूहरू, दोलखा जिल्ला समन्वय समितिका प्रमुखज्यू, यस नगरपालिकाको नगर प्रमुखज्यू, भीमेश्वर नगर कार्यपालिका र नगर सभा सदस्यज्यूहरू, भीमेश्वर नगरपालिकाका सल्लाहकारज्यूहरु, भीमेश्वर नगरपालिकाका राजनैतिक दलहरूका प्रमुख एवम् प्रतिनिधिज्यूहरू, जिल्लास्थित संघ/संस्थाहरूको प्रमुख एवम् प्रतिनिधिज्यूहरू, नागरिक समाजको प्रमुख एवम् प्रतिनिधिज्यूहरू, प्राध्यापक, शिक्षक, पत्रकार लगायत भीमेश्वर नगरपालिकाको सम्पूर्ण नगरवासीहरू, प्रमुख प्रशासकीय अधिकृत लगायत समस्त कर्मचारी परिवार प्रति हार्दिक आभार व्यक्त गर्दै हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**कमला बस्नेत**

**नगर उपप्रमुख**

**मिति : २०७७ असार १० गते**